# नेपालमा रेडले ल्याएको चुनौती

■ **हेमन्तराज ओझा***

करिब दुई वर्षअघि कान्तिपुर दैनिकले भंगेरे अक्षरमा एउटा समाचार छाप्यो "नेपालले कार्बन व्यापार बापत बर्सेनि साढे चार अरब रूपैयाँ पाउने"। त्यो बेला नेपालको वन क्षेत्रमा काम गर्ने सरकारी तथा गैर सरकारी दातृ निकायहरू भर्खर वनबाट हुन सक्ने कार्बन व्यापार वित्त बारे छलफल गर्दै थिए। उक्त समाचार प्रकाशनको केही दिन पछि वन विभाग, बबरमहल तालिम शाखाको हलमा एउटा बृहत् बहुसरोकारवाला बैठक बोलाइयो। बैठक कार्बन व्यापार बारे थियो। त्यो बैठकको मध्यान्तरतिर कान्तिपुरको उक्त समाचारबारे कुरा उठ्यो। एक वनविज्ञले भने यस्तो भ्रामक समाचार छाप्नु हुन्न। पत्रकार जंगिए- 'तपाईंहरू जस्ता विज्ञले दिएको समाचार/तथ्याङ्कहरू हामीले छापेको हो। तपाईंहरू नै बरु सही समाचार दिने गर्नुस्'। अन्तर्राष्ट्रिय संस्थामा काम गर्ने वन विज्ञले मसँग भने- 'यो समाचार दिने वन मन्त्रालयका अधिकारीलाई कार्बन कसरी मापन हुन्छ र त्यसको बजारीकरण कसरी हुन्छ त्यसबारे ठूलो भ्रम छ।' 'वनमा भएजति सबै कार्बनको पैसा कहाँ पाइने हो र ? उनले थपे। म आफू भर्खर भर्खर कार्बन ट्रेडको बारेमा बुझ्न थालेकोले एकिनका साथ ठीक या बेठीक भन्ने धारणा व्यक्त गरिनँ- चुपचाप बसें।

नेपालमा कार्बन व्यापारको बहस चलेको करिब तीन वर्ष बिति सक्दा पनि त्यस्तो भ्रम बाँकी नै छ। पहिलो कुरो त 'व्यापार' भन्ने शब्द नै विश्वव्यापी बजारमुखी अर्थ व्यवस्थाको शब्दकोषबाट रेडको अन्तर्राष्ट्रिय बहस हुँदै नेपाल आयात भएको छ। यसले पैसा र फाइदाको सम्भावनातर्फ संकेत गर्छ तर सँगसँगै सामाजिक न्यायको सवाललाई गौण बनाउँछ। किन ? यो थाहा पाउन जलवायु परिवर्तनको अलिकति राजनैतिक र प्राविधिक पक्ष खोतल्नुपर्छ। जलवायु परिवर्तन नेपालजस्ता विकाससील र अल्पविकसित देशहरूको कारण भएको होइन- यो त विकसित राष्ट्रहरूबाट अति खर्चिलो ऊर्जा प्रयोग गरी हासिल गरिएको विकास र औद्योगिकीकरणका कारण भएको हो। रेडको बजारमुखी रणनीतिबाट पृथ्वीको वातावरणलाई एकथरीले बिगारे अनि त्यसको भार अर्को थरीलाई बोकाउने प्रयत्न हुँदैछ। त्यसको एउटा तरिका बजारको भाषालाई प्रचलित र सर्वमान्य बनाई जलवायु न्यायको मुद्दालाई गौण बनाउनु हो।

कार्बन व्यापारको आधारभूत पक्ष के हो भने जसले बढी कार्बन उत्सर्जन गर्छ- उसले कार्बन शोषण गरी राख्नेलाई (जस्तो वन जोगाउनेलाई) हिसाब गरी पैसा तिर्छ। कार्बन क्रेडिटको रूपमा हिसाब गरी पैसा तिर्ने पद्धति विकास हुँदैछ। जलवायु परिवर्तन सम्बन्धी पहिल्यै भएको सन्धि क्योटो प्रोटोकोलमा भएको प्रावधान अनुसार विकसित देशले नयाँ वृक्षरोपण क्षेत्र स्थापना गर्नेलाई कार्बनको हिसाब गरी रकम दिने व्यवस्था गरिएको थियो। तर त्यो अत्यन्त झन्झटिलो र सैद्धान्तिक पक्षमा मात्र सीमित भयो। सन २००३ देखि करिब ७ वर्षको अवधिमा संसारभर एक दर्जन भन्दा कम वन कार्बन परियोजनाले मात्र रकम हात पार्न सफल भए। यसैकारण यस्ता सन्धि सम्झौताहरुमा भएको व्यवस्था न्यायोचित हुनुपर्ने र यसका लागि नयाँ व्यवस्था र सम्झौता जरुरी भएको कुरा महशुस

गरिएको थियो। यसै सन्दर्भमा अब नयाँ बन्ने जलवायु सम्झौतामा वृक्षरोपणमात्र हैन- पुरानो, जोगाइ राखिएको वन क्षेत्रको कार्बनलाई पनि कार्बन व्यापारमा समेट्ने कुराबारे छलफल भइरहेको छ। गत साल अर्थात् डिसेम्बर २००९ मा नयाँ जलवायु महासन्धिमा हस्ताक्षर हुने र रेडसम्बन्धी त्यस्तो व्यवस्था लागू हुने आशा गरिएको थियो। तर विकसित राष्ट्रहरूको आनाकानी र अपेक्षाका कारण सम्झौता हुन सकेन र यही डिसेम्बरमा मेक्सिकोको क्यानकुनमा हुने अर्को जलवायु महासम्मेलनले सम्झौता अगाडि बढाउने आशा गरिएको छ। त्यो कसरी जाने हो अहिले यसै भन्न सकिन्न। केही गरी सम्झौतामा हस्ताक्षर भए पनि रेड र कार्बन व्यापारका शर्त, प्रक्रिया र सीमाहरू के के हुने हुन्- अहिले भन्न सकिन्न। झट्ट हेर्दा कार्बन व्यापारको सम्भावना कान्तिपुर दैनिकले छापे जस्तै बृहत् छ जस्तो देखिन आउछ। तर कार्बनबाट पैसा लिने कुरा फलामको चिउरा चपाउनुजस्तै गाह्रो छ। अहिले छलफलमा चल्दै गरेको बहस र अध्ययन अनुसन्धानलाई केलाउदा कार्बन व्यापारबाट त्यसबेला मात्र पैसाको प्रवाह हुन सक्छ- जुनवेला कुनै राष्ट्रको वन क्षेत्रको सञ्चित कार्बन एउटा स्थापित मापदण्डभन्दा बढी भएको स्वतन्त्र रूपमा पुष्टि हुनेछ र क्रेताले सो कार्बन क्रेडिट किन्ने सम्झौता गरेको हुन्छ। यो अवस्था स्थापना गर्न अन्तर्राष्ट्रिय तहको सम्झौता हुन जरुरी छ। जसले टुक्रा वनको अलग अलग कार्बन हिसाब गर्न आर्थिक हिसाबले मितव्ययी ठान्दैन। फलतः समुच्च राष्ट्रको वन कार्बन एउटै केन्द्रीय खाताको प्रक्रियाबाट व्यवस्थित गर्ने परिपाटी आउने सम्भावना रहन्छ। यसले हाम्रो देशमा चलिरहेको विकेन्द्रित समुदायमा आधारित वन व्यवस्थापन पद्धतिलाई केन्द्रीकृत प्रक्रियातर्फ पुनः धकेल्ने छ।

अमेरिकाबाट प्रकाशन हुने प्रसिद्ध 'साइन्स' जर्नलमा प्रकाशित 'रेडमार्फत वनको पुन केन्द्रीकरण' नामक अरुण अग्रवाल र उनका साथीहरूले लेखेको लेखले संसारका विभिन्न देशहरूमा गरिएको विश्लेषण अनुसार रेडको कार्यान्वयनसँगै तीन दशकदेखि चलिआएको वन क्षेत्रको विकेन्द्रीकरणको प्रक्रिया उल्टने खतरा छ। यसको मुख्य कारण वन क्षेत्रलाई एकीकृत गरी ठूलो मात्रामा कार्बन व्यवस्थित गर्ने र यसको बजारीकरण गर्ने प्रक्रियालाई नै लिइएको छ। स्रोत आउने पक्का नभए पनि आउने सम्भावनाकै भरमा सरकारहरूले केन्द्रीय प्रणाली बलियो बनाउन थाल्ने संकेतहरू देखिएका छन्।

कार्बनबाट साँच्चिकै बजारमुखी अवधारणाले पैसा लिन सकिने कुरामा धेरै चुनौती छन्। विश्व परिवेशबाट हेर्दा दक्षिण अमेरिकाको अमेजन क्षेत्र, एसियाको इन्डोनेसिया र अफ्रिकाको कंगो बेसिन क्षेत्रमा संसारको ८० प्रतिशतभन्दा बढी वन क्षेत्र छ र त्यहाँकै बढी वन विनाश भइरहेको कारण कार्बन बजारका क्रेताहरूको ध्यान उतै केन्द्रित छ। नेपालजस्तो सानो मुलुकको वन कार्बन उनीहरूका लागि असाध्यै खुद्रा हुने र कारोबार गर्न नै नपोसाउने हुन सक्छ। त्यस अर्थमा पनि कार्बन व्यापारबारे अनावश्यक रूपमा हौसिनु जरुरी छैन।

गरिब राष्ट्रहरूमा भएको वन र कार्बन सञ्चितिका लागि अर्को एउटा तर्क के छ भने कार्बन व्यवस्थापन र गरिबी निवारणबापतको रकमलाई एकत्रित गरी अनुदानमुखी प्रक्रियाबाट विकासशील देशहरूलाई आर्थिक सहायता दिनुपर्छ। यसो गर्दा कार्बन सञ्चितीकरणको अतिरिक्त गरिबी निवारणमा टेवा पुग्छ र गरिब देशलाई वन क्षेत्रको संरक्षणका लागि चाहिने पूर्वाधारहरू बनाउन आवश्यक रकम पनि उपलब्ध हुन्छ। तर यस तर्कको पछाडि समस्या के छ भने यसले परम्परागत अनुदान अनि विकासे प्रक्रियाका कमजोरीहरू पुनरुत्थान गराउँछ र प्रभावकारिता हेरी रकम घटि-वढी गर्दा राम्रो हुने रणनीतिलाई कठिन बनाउँछ। साथै विकास अनुदान सिधै समुदायमा जाने सम्भावना कम हुन्छ र राष्ट्रिय

संयन्त्रमै हराउने गर्छ । यसले गर्दा वन जोगाउने वास्तविक समुदायले प्रत्यक्ष लाभ लिन गाह्रो हुन सक्छ ।

रेड र कार्बन व्यापारको सम्भावना थाहा पाउन यसभित्र पसेर केलाउने कुरा धेरै छन् । तर अब यति छलफलपछि जोडिने महत्वपूर्ण कुरा के हो भने यी सबै सम्भावनाहरूको खोजी नेपालमा कसले, कसरी र के स्वार्थमा हुँदैछ ? आफ्नो जीवनयापनका लागि वन क्षेत्रमा निर्भर र वनको संरक्षण र सम्बर्द्धनमा लागिपरेका नेपाली नागरिकहरु यसमा सहभागी हुँदैछन् या छैनन् ? वास्तवमा कार्बन वित्त र बजारीकरण सम्बन्धी प्राविधिक पक्षहरूभन्दा राजनैतिक प्रश्नहरू केलाउने बेला भइसकेको छ । यसरी हेर्दा निम्न सवालहरू महत्वपूर्ण छन्-

१) कार्बन व्यापारको कुरा अहिलेसम्म नेपालमा सीमित प्राविधिक, सरकारी कर्मचारी, रेड परामर्शदाता र परियोजना सञ्चालकहरू साम् मात्र पुगेको छ । आम जनताले यसको सत्यतथ्य बुझेर राष्ट्रिय बहसमा आफ्नो धारणा राख्न सकेका छैनन् ।

२) कार्बन र जलवायु परिवर्तन सम्बन्धी शब्दावली अन्तर्राष्ट्रिय स्तरमा अंग्रेजी भाषामा सुरु भएका र नेपालमा आयात गरिएका हुनाले तिनलाई नेपाली भाषामा रूपान्तरण गर्ने र प्रचार प्रसार गर्ने कार्य अत्यन्त न्यून छ- जसले गर्दा वनमा आश्रित हुने समुदाय त्यस्तो छलफलबाट वञ्चित रहेको छ । यान्त्रिक रुपमा नेपालीमा उल्था गर्ने प्रयत्नले पनि नपुग्ने देखिन्छ- कसरी नेपाली सन्दर्भमा यसको छुट्टै परिकल्पना र विश्लेषण हुन्छ- त्यो महत्वपूर्ण हुन्छ ।

३) नेपालमा रेड र कार्बन व्यापारको एजेन्डासँगै परियोजना सञ्चालक परामर्शदाता र दातृनिकायको स्रोतमाथि निर्भर रहने संघसंस्थाहरूको चलखेल ह्वात्तै बढेको छ । यसले 'रेड प्रोजेक्ट' को बढोत्तरी गराएको छ । प्रोजेक्ट भनेको अनुदान लिई कार्बन बजारको तयारीको काम गर्नु हो । यसमा सरकारी-दातृ -अन्तर्राष्ट्रिय गैर सरकारी समूहहरूको ठूलै सञ्जाल तैयार भइसकेको छ- जसको उद्देश्य रेडका लागि नेपाललाई संस्थागत एवं प्राविधिक रुपमा तयार गर्नु भन्ने छ ।

४) समूहको स्वार्थका लागि प्रत्यक्ष रूपमा काम गर्ने नेटवर्कका कतिपय पदाधिकारीहरू स्वयं रेड र कार्बन परियोजनाका परामर्शदातृ हुनुले रेडको बहसमा समुदायको आवाज दरिलो गरी उठाउने प्रतिनिधिहरूको अभाव छ । दातृनिकाय र कार्बन परियोजनाले स्वतन्त्र र नागरिक दृष्टिकोणबाट बहस चलाउनेहरूलाई कन्सल्टेन्टको रूपमा काममा लगाई रूपान्तरणकारी छलफललाई नजानिंदो पाराले नियन्त्रण गर्न खोजेको देखिन्छ ।

५) समग्र रेड प्रक्रियामा महिला सहभागिताको कमी छ । रेडसम्बन्धी सम्पूर्ण छलफल, गोष्ठी, अध्ययन आदिमा लैङ्गिक दृष्टिकोण अभाव देखिएको छ । रेडको बहसमा महिला बुद्धिजीवी र सामाजिक कार्यकर्ताको कमी देखिएको छ र रेडको प्रक्रिया भयानक रुपमा पुरुष केन्द्रित हुन गएको छ ।

६) राजनैतिक नेतृत्वमा रेड र जलवायु परिवर्तनको मुद्दाले प्राथमिकता नपाएको अवस्था छ । यसबाट कर्मचारीतन्त्रले जनताको नाममा निर्णयहरु गर्दै अगाडि बढ्नुपर्ने अवस्था सिर्जना भएको छ ।

७) दातृनिकायहरूले स्वतन्त्र अनुसन्धान गर्न सहयोग गरिरहेका छैनन् । केवल आफैंले बनाएको 'TOR' अनुसार आफैंले परामर्शदाता नियुक्ति गरी आफूले चाहेको तथ्याङ्क र ज्ञान मात्र उत्पादन गर्ने गराउने पद्धतिले स्वतन्त्र रुपमा नागरिक

समुदायमा रहेको ज्ञानलाई पैसाको वलले छायामा पार्ने काम गरेको छ । यसले गर्दा नेपालको मौलिक ज्ञान पद्धति उपेक्षित भएको छ र बाहिरिया उपायहरु थोपरिने अवस्था आएको छ ।

८) सरकारद्वारा सञ्चालित नीतिगत छलफलमा नागरिक प्रतिनिधि र स्वतन्त्र बुद्धिजीवीहरूलाई आमन्त्रण गरिए पनि प्रभावकारी सहभागिता हुने गरेको छैन । रेडको प्रक्रिया सहभागितामूलक देखिएता पनि सारमा रेडका छलफलहरु पूर्व नियोजित ढंगबाट नै टुंगिन्छन् ।

९) नीतिगत छलफल र विश्लेषणहरू दातृसंस्था र अन्तर्राष्ट्रिय संस्थाबाट प्रभावित हुने गरेकोले स्थानीय, गरिब, महिलालगायत अधिकारबाट वञ्चित समूहको धारणाले नीतिगत प्रक्रियाहरू प्रभावित हुन नसकेको अवस्था छ ।

**बाकस १**

**रेड परियोजनाबारे बजारमा सुनिने भनाइहरू**

१) ए थाहा पाइस् ? त्यो रेड कन्सल्टेन्सी त फलानोले पाएछ नि † हामीलाई त के दिन्थे - न पैसा खुवाइयो, न राम्रो सम्बन्ध नै बनाइयो ।

२) त्यो फलानो अलिक चर्को कुरा गरेर अति अप्ठेरो पार्छ, त्यसलाई यो कन्सल्टेन्सी दिएर अलिक हामीप्रति नरम र सकारात्मक बनाउनुपर्ने भएको छ ।

३) हेर न त्यो फलानो रेडको विरोध पनि गर्छ अनि रेड भित्र आफै कन्सल्टेन्सी पनि गर्छ ।

४) यो बजेटबाट अलिकति मिलाएर त्यो शाखाका कर्मचारीको पनि अलिकति सपोर्ट लिनुपर्ला ।

५) यो रेड चाहिं फलानो फलानोको मात्र पेवा हो ? हामी पनि त यसमा योगदान गर्न तयार थियौ । के गर्ने हाकिमले हामीलाई पाखा लगाइहाले ।

६) मैले उनीहरूलाई रेडभित्र ल्याएँ, उनीहरूले नै मलाई वाहिर हुत्याए । परियोजनाको अर्को फेजको कुरा अब अगाडि बढ्ने बेला भयो । त्यसैले सबैलाई अलिक मिलाएर लानुपर्छ ।

७) त्यो कर्मचारी भएसम्म म रेडको बैठकमा जान्न । हाम्रो जस्तो अन्तर्राष्ट्रिय संस्थालाई त्यसले आक्षेप लगाउने ।

८) रेडको लागि Copenhagen जान ५ जनालाई बजेट खोजें । यति भएपछि त संस्थाभित्र मैले गर्ने निर्णयमा साथीहरूले साथ दिइहाल्छन् नि ।

९) वन मन्त्रालयले हामी वातावरण मन्त्रालयलाई Bypass गर्छ । हामी आधिकारिक Designated National Authority भएकोले हामीअन्तर्गत उसले रेडको काम गर्नुपर्छ ।

१०) रेडमा पैसा नहुन्जेल Volunteer काम गर्नमा बोलाइयो, पैसा आउन थालेपछि आजकल रेडमा बोलाउनै छाडे ।

## अवसरहरू

१) समुदायमा नेटवर्कहरूले कार्बन व्यापारको अवधारणा र चुनौतीलाई विस्तार गर्न सकिने ।

२) यस विषयमा स्वतन्त्र अध्ययन गर्न समूहहरू आउँदै गरेको ।

३) सरकारी संरचनाभित्र पुरातनवादी विचार राख्ने कर्मचारीहरू सेवानिवृत्त हुदा नयाू र सिपयुक्त समूहहरू जिम्मेवारीमा आउने अवस्था भएको ।

४) मन्त्रालयले एकलौटी निर्णय गर्ने परिपाटीको सट्टा रेडको सवालमा बहुसरोकारवाला संयन्त्र बनाएको ।

## निष्कर्ष

कार्बन व्यापारबाट मनचिन्ते फाइदाको सपना देख्नु भन्दा यसका अर्थ राजनीति, नीतिगत र वैज्ञानिक पक्षहरू गहिरोसँग बुझ्नेतिर जानु जरुरी छ । खासगरी वनमा आश्रित स्थानीय समुदायहरू कसरी सुसूचित भई यो बहसमा भाग लिन्छन् भन्ने कुरा महत्वपूर्ण छ । अहिलेकै प्रक्रिया जारी रहे सीमित परियोजनाका लाभग्राही परामर्श दातृ र केही सरकारी कर्मचारीको आय आर्जनको स्रोतबाहेक रेड र कार्बन व्यापारको एजेन्डाले आम जनसमुदायमा खासै फाइदा ल्याउन गाह्रो छ ।

समुदायको आवाजलाई नीतिगत तहमा पुऱ्याउने तीनवटा तरिका हुन सक्छन्- समुदाय आफैं संगठित भएर, राजनीतिक समूह र पार्टी मार्फत तथा स्वतन्त्र एवं समुदायप्रति उत्तरदायी भएर अनुसन्धानकर्ताहरूबाट । यसबाहेक मिडियाको पनि सकारात्मक भूमिका हुन सक्छ तर सवाललाई गहिराइमा बुझेर आम वनमा अश्रित र विपन्न वर्गको आँखाबाट तथ्य, समाचार र विचारलाई अगाडि ल्याउन सक्नुपर्दछ । खासगरी बजारमुखी प्रक्रियाबाट आउने सम्भावना रहेको रेडको डिजाइनलाई बजार र अनुदानको मिश्रित प्रणालीबाट ल्याउने कुरामा नेपाल लाग्नु राम्रो हुन्छ । राष्ट्रियस्तरको साथै विभिन्न क्षेत्रगत रुपमा रेडको व्यवस्था ल्याउनु राम्रो हुन्छ । यी सबै सवालहरुमा आम सरोकवारवाला नागरिकहरुबीच बहस र छलफल हुनु जरुरी छ ।

●●●

---

**** लेखक वातावरणीय श्रोतको व्यवस्थापन र स्थानीय शुसासनको विषयमा लामो समयदेखि अध्ययन र अनुसन्धान गरिरहनु भएको छ ।***